थाहानगरका खेलाडीलाई ४ अन्तराष्ट्रिय पदक । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१५, अंक-४७ ● २०८० जेठ २२ गते सोमबार, ● 05 Jun, 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## अन्तरसरकारी वित्तिय हस्तान्तरण मार्फत थाहानगरलाई ४५ करोड ४ लाख

◆ विकास संवाददाता

मकवानपुरका दश स्थानीय तहका लागि ४ अर्ब २९ करोड ५८ लाख रूपियाँ विनियोजन भएको छ । आर्थिक वर्ष २०८०/०८१ को लागि संघीय सरकारले १५ जेठमा संसदमा पेश गरेको बजेटमा पालिकाले पाउने अन्तर सरकारी वित्तिय हस्तान्तरणको बजेट उल्लेख गरिएको छ ।

मकवानपुरका स्थानीय तहहरू मध्ये थाहा नगरपालिकाले ४५ करोड ४ लाख रूपियाँ संघीय सरकारको अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत बजेट बजेट पाउने भएको हो । यो बजेट अघिल्लो आर्थिक वर्षको तुलनामा ८४ लाख कर्मी हो । गत आर्थिक वर्षमा ४५ करोड ८८ लाख रूपियाँ विनियोजन भएको थियो । थाहा नगरपालिकाको लागि संघीय सरकारले समानिकरण अनुदान १२ करोड ४० लाख, सशर्त अनुदान ३१ करोड १४ लाख, विशेष अनुदान १ करोड र समपुरक अनुदान ५० लाख रूपियाँ दिएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले सबैभन्दा बढि १ अर्ब १४ करोड ५० लाख संघीय सरकारको अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत बजेट पाएको छ भने सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाले सबैभन्दा कम २३ करोड ३६ लाख पाएको छ । जिल्लाको कैलाश गाउँपालिकाले २८ करोड ३२ लाख, बकैयाले ४६ करोड, बागमतीले ३५ करोड १४ लाख, भिमफेदीले ३४ करोड ४६ लाख, मकवानपुरगढीले ३६ करोड ३८ लाख, मनहरीले ३४ करोड २३ लाख र राक्सिराङले ३२ करोड १५ लाख रूपियाँ अन्तर सरकारी वित्तिय हस्तान्तरण मार्फत संघीय बजेट पाएको छ ।

यस बाहेक स्थानीय तहहरूले संघीय राजश्व बाँडफाँड, प्रदेशको सवारी कर र प्रदेश सरकार अन्तरसरकारी वित्तिय हस्तान्तरण मार्फत बजेट प्राप्त गर्नेछन् भने स्थानीय तहको आफ्नै आन्तरिक स्रोत समेत बजेटमा समावेश हुनेछ ।

## मकवानपुरका १० पालिकाले कस्ले कति पाए

# समपुरक र विशेष अनुदान

विकास संवाददाता
थाहानगर




राष्ट्रिय योजना आयोगले सबै प्रदेश र स्थानीय तहले पाउने समपुरक तथा विशेष अनुदानबाट संचालन हुने योजनाको सूची सार्वजनिक गरेको छ । १५ जेठमा संघीय संसदमा पेश भएको बजेट अन्तर्ग समपुरक र विशेष अनुदानको योजनाहरू सार्वजनिक भएको हो ।

सार्वजनिक भएको योजनाहरूमा मकवानपुरका १० स्थानीय तहले १३ वटा समपुरक योजना पाएका छन् । मकवानपुरका इन्द्रसरोवर, बकैया र राक्सिराङले दुइ/दुई वटा र बाँकी स्थानीय तहले एक/एक वटा योजना पाएका हुन् । इन्द्रसरोवरको लागि पाटीचौर रामन्दिर पौवा सडकका लागि १ करोड २० लाख र सानुटार ठूटार दम्की सडकका लागि ५० लाख समपुरक बजेट विनियोजन भएको छ । बकैयाको हात्तिसुढे शिखरपुर मन्थली सडकका लागि ५० लाख, बकैया कृषि उद्योगग्रामका लागि बकैया-७ हात्तिखोलाका लागि ५० लाख बजेट विनियोजन भएको छ भने राक्सिराङको चैनपुर बाघमारामैनाटार सुनारीसौरा सानोभावर नेवारपानी सडक निर्माणका लागि ७५ लाख र भिङबुङ पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि ५० लाख समपुरक बजेट विनियोजन भएको छ ।

कैलाश गाउँपालिकाको गोगने कालिकाटार सडक योजनाका लागि ८० लाख, थाहा नगरपालिकाको दामन पिङडाँडा भट्टीडाँडा तसर थाहा-५ को लागि ५० लाख, बागमती गाउँपालिकाको भुरभुरे ज्यामिरे हुँदै भोर्लेनी सडकका लागि ८० लाख, भिमफेदी गाउँपालिकाको रानीखोला धामिडाँडा रानीभन्ज्याङ सडकस्तरोन्नतीका लागि ८० लाख, मकवानपुरगढीको बासुदेव मार्गमा विभिन्न पुलका लागि ८० लाख, मनहरीको मानेडाँडा रमौली जाने सडक स्तरीकरण महनरी-७ मा ५० लाख र हेटौंडा उपमहानगपालिकाको पदमपोखरी मुख्यसडक विस्तार हेटौंडा-१३ का लागि १ करोड ७५ लाख रूपियाँ समपुरक बजेट विनियोजन भएको छ । स्थानीय तहहरूलाई प्राप्त अनुदानमा त्यतिनै बजेट थप गरी योजना संचालन गर्नुपर्ने कार्यविधिमा उल्लेख छ । आगामि आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजित उक्त बजेटलाई स्थानीय पालिकाहरूले आफ्नो वार्षिक योजनामा समावेश गरी कार्यानवयन गर्नेछन् ।

यसैबीच मकवानपुरका दशवटै स्थानीय तहले विशेष अनुदानका योजनाहरू पाएका छन् । पालिकाहरूले आर्थिक वर्ष २०८०/०८१ मा संचालन गर्ने योजनाहरू संघीय सरकारबाट पाएका हुन् । मकवानपुरको बागमती गाउँपालिकाले भिमबाध खानेपानी आयोजनाका लागि ५५ लाख, बकैयाले हात्तिसुढे डिबोरिङ एण्ड स्यानिटेशन प्रोजेक्टका लागि १ करोड, बकैयाकै गौतमबुद्ध पर्यटन पार्कका लागि ८० लाख रूपियाँ, भिमफेदीको श्री प्राथमिक विद्यालय भवन निर्माणका लागि ५० लाख र पोखरी प्रावि भवन निर्माणका लागि ७५ लाख, हेटौंडाको श्रमिक मावि हेटौंडा-४ भवन निर्माणका लागि ९५ लाख, इन्द्रसरोवरको काप्राङ खानेपानीका लागि २५ लाख, इन्द्रसरोवरकै बहुआयमिक वृहत लिफ्टीङ खानेपानी आयोजना पुरण्डीका लागि ७५ लाख, कैलाशको चेपाङ तथा गरिब परिवारको लागि पोषण कार्यक्रमका लागि ५० लाख, मकवानपुरको शारदा माध्यमिक विद्यालयको भवन निर्माणमा १ करोड ५० लाख र भानु माध्यमिक विद्यालयको अपुरो भवन निर्माणका लागि १ करोड २५ लाख, मनहरीको माथिल्लो मसिने खानेपानी आयोजनाका लागि ७० लाख विशेष अनुदान विनियोजन भएको छ ।

त्यस्तै राक्सिराङ गाउँपालिकाको खोरिया पाटो सुधार तथा खाद्य सुरक्षा कार्यक्रमको लागि ७० लाख, राक्सिराङकै चेपाङ स्वास्थ्य सुधार कार्यक्रमको लागि ८० लाख र थाहा नगरपालिकाले क्षयरोग मुक्त कार्यक्रमका लागि संघीय सरकारबाट १ करोड विशेष अनुदान पाएको छ ।

## रैथाने बालीको परिकार बनाउने तालिम

◆ विकास संवाददाता

राक्सिराङ्ग गाउँपालिका कृषि विकास शाखाको आयोजनामा संचालन भएको रैथानेबालीको परिकार बनाउने तीन दिवशीय तालिम १५ जेठमा एक समारोहका वीच समापन भएको छ । विद्यालय दिवा खाजामा रैथानेबालीको परिकार समावेश गर्ने उदेश्यले संचालन भएको तालिममा पहिलो चरणमा १७ वटा सामुदायिक विद्यालयका कर्मचारीहरूको सहभागिता रहेको कृषि स्नातक संगम बिश्वकर्माले जानकारी दिए ।

परिकार विविधिकरण तालिममा कोदो, फापर र भटमासबाट विभिन्न परिकारहरू बनाइएको थियो । जसमा भटमासको खिर, कोदोको चाउमिन, कोदोको नमकिन, कोदोको हलुवा, कोदोको प्यान केक, फापरको फूलौरा, फापरको सेल, फापरको नमकिन र कोदो+फापरको गुजिया बनाइएको थियो । कार्यक्रममा तालिमका सहभागीहरूले विद्यालय दिवा खाजामा स्थानीय एवम् रैथानेबालीका परिकार बनाएर खुवाउने प्रतिवद्वता व्यक्त गरेका थिए भने विभिन्न वक्ताहरूले स्थानीय स्तरमा उत्पादन हुने रैथानेबालीको उत्पादन प्रवर्द्वन, संरक्षण, विविधिकरण, उपभोग र बजारीकरणका जोड दिनुपर्ने धारणा राखेका थिए । राक्सिराङ्ग गाउँपालिका वडा नम्बर ८ का वडाध्यक्ष एवम् सामाजिक विकास समितिका संयोजक युसाई प्रजाको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाको प्रमुख आतिथ्यता रहेको थियो ।

यसैगरी राक्सिराङ्ग गाउँपालिकामा रहेका विभिन्न संघ संस्थाका प्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक, शिक्षिका र विभिन्न शाखामा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको थियो । समापन कार्यक्रममा कृषि प्राविधिक कृष्ण डुम्रेले कार्यक्रम संचालन गरेका थिए । तालिममा सूचना श्रेष्ठ, रेनु शाही र चन्द्रकान्त चौधरीले सहजीकरण गरेका थिए ।

## थाहानगरकी श्रेष्ठ बागमती प्रदेशकै उत्कृष्ट महिला उद्यमी घोषित

◆ विकास संवाददाता

मकवानपुर थाहानगरकी महिला उद्यमी आरती श्रेष्ठ बागमती प्रदेशकै उत्कृष्ट उद्यमी घोषित भएकी छिन् । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले श्रेष्ठलाई उत्कृष्ट उद्यमी महिला घोषणा गरेको हो ।

राष्ट्रिय महिला अधिकार दिवसको अवसरमा राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत महिला उद्यमशीलता विकास, वित्तिय पहुँच, टेवा पुँजी तथा प्रविधी हस्तान्तरण कार्यक्रम अन्तर्गत श्रेष्ठ छनौट भएकी हुन् । थाहानगर उद्योग वाणिज्य संघ महिला उद्यम विकासकी सभापति समेत रहेकी श्रेष्ठलाई १६ जेठमा मन्त्रालयले प्रदेशको उद्यमी महिलाहरू मध्ये उत्कृष्ट उद्यमी महिलाको रूपमा छनौट गरेको हो ।



# • सम्पादकीय •

## किसानमुखी योजना बनाऊ

लामो समयसम्म पानी पर्न नसक्दा धेरै ठाउँमा अन्तबाली तथा तरकारीका बालीका लागि समस्या पर्न थालिसकेको छ । कतिपय स्थानहरुमा मकै सुक्न थालिसकेका छन् । तरकारी र फलफूलका विरुवाहरुमा समेत खडेरीको नकारात्मक प्रभाव देखिएको छ । खडेरीका कारण बोट विरुवाहरु सुक्न र मर्न थालेका छन् । सिंचाईको अभाव एवं मौसमी प्रतिकूलताले किसानहरुको श्रम, पसिना र मेहनत खेर गइरहेको छ । यही नै नेपाली किसानहरुको नियति हो । त्यसैले कृषिप्रति मानिसहरुको आकर्षण घट्दै गएको छ । विशेषगरी अहिलेको युवा पुस्तालाई कृषिकर्ममा जोड्ने र खेतबारीमा रमाउने वातावरण नबनाउँदासम्म कृषिप्रधान मुलुक नेपालको विकास र समृद्धि सम्भव हुनेछैन ।मकवानपुरको थानगरमा मात्र प्रारम्भिक सर्वेक्षण गर्दा १ सय २३ वटा सिंचाई आयोजनाहरु र हेकोमा अधिकांश योजनाहरु संचालनमा छैनन। कतिको पुर्ननिर्माण, कतिपय मर्मत र केही आयोजनाहरुमा पानीकै अभाव छ ।

मौसमविज्ञहरुको पूर्वानुमानअनुसार यस वर्ष पानी कम पर्ने सम्भावना छ । यसको सिधा प्रभाव धान र मकै बालीको उत्पादनमा पर्नेछ । सिंचाई अभावका कारण आकाशे पानीको भर पर्नुपर्ने हाम्रो बाध्यता रहँदै आएको छ । यसरी खाद्यान्न उत्पादनमा कमी आउँदा महंगी र भोकमरी बढ्ने सम्भावना रहन्छ । कृषिमा नागरिकको श्रम, पसिना र लगानी खेर जाने अवस्था आउँछ । सरकारले किसानलाई कृषितर्फ आकर्षण बढाउन राहत प्याकेज दिन सक्नुपर्छ । अनुदान वितरणमा भइरहेको पक्षपात, बदमासी र वास्तविक किसानसम्म अनुदान पुग्न नसक्ने अवस्थाको अन्त्य गर्न जरुरी छ । आफन्तलाई अनुदान बाँड्ने, त्यसमा पनि कमिसन खाने, बदमासी गर्ने गरेका समाचार बेला–बेला आइरहन्छन् । जनताको सबैभन्दा नजिकको सरकार मानिने स्थानीयतहहरुले समेत वास्तविक ग्रासरुटका किसानलाई राहत हुने कार्यक्रम ल्याउन सकेको पाइन्न, केही अपवाद छोडेर । समग्रमा नेपाली किसानको दुःख, कष्ट, पीडा ठूला–ठूला छन् तर त्यसमा मलमपट्टी लगाउने जनताको सरकार अहिलेसम्म बन्न सकेको छैन । अर्को सबैभन्दा ठूलो समस्या भनेको रासायनिक मलको अभाव हो । यो समस्या वर्षौंवर्षदेखि निरन्तरता पाइरहेको दीर्घकालीन समस्या हो । हरेक वर्ष किसानहरु वर्षातको समयमा खेतका गहरा छोडेर मल खरिद गर्न शहर बजारमा भौंतारिरहेका हुन्छन् ।

सिंचाईका लागि ठूला–ठूला हाइड्याम निर्माण गर्न धेरै बजेटको खाँचो पर्छ । तर आकाशे पानी संकलन, जलाशय निर्माण र सानातिना तालतलैयाहरुको संरक्षण गरेर सिंचाईको वैकल्पिक व्यवस्था गर्न सकिन्छ । त्यसतर्फ नागरिक समुदायले पनि ध्यान दिनुपर्छ । स्थानीयतहले यसका लागि केही प्रयास गरेका छन् तर त्यो पर्याप्त हुन सकेको छैन । मौसमी प्रतिकूलतामा पनि सिंचाईका वैकल्पिक प्रविधि प्रयोग गरिएका अनेक उदाहरण छन् । कृषकको मेहनत र कृषिका लागि आवश्यक वातावरण बनाउन सिंचाई, मल, बिउ, बजार, मूल्यजस्ता क्षेत्रमा सरकारले अभिभावकको भूमिका निर्वाह गर्नैपर्छ । केही स्थानीयतहले किसानलक्षित उत्पादनमा आधारित अनुदानको अभ्यास शुरु गरिसकेका छन् । स्थानीय सरकारले ल्याएका उत्पादनमा आधारित अनुदान जस्ता कार्यक्रमलाई पनि धेरै भन्दा धेरै कृषकलाई प्रेरित गर्ने गरी अझ प्रभावकारी रुपमा विस्तार गर्नु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# किन हुन्छ भ्रष्टचार



◆ नारायण पौडेल

सामान्यतया नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार बढी हुने, मानव अधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारले प्रश्रय पाउँदै जाने हुन्छ । नेपालमा सबै खालका व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयातनिर्यात, सरूवाबढुवा, नियुक्तिलगायतमा घूस तथा भ्रष्टाचारको सञ्जाल व्याप्त देखिन्छ भने भ्रष्टाचारविरोधी प्रयासमा आएको शिथिलताले लोकतन्त्र र मानव अधिकार जोखिममा परेको छ । त्यसमाथि आर्थिक सुशासन कायम गर्ने जिम्मा पाएको सरकार नै सार्वजनिक जग्गाजमिन तथा सम्पत्तिहरूलाई कौडीको भाउमा भाडामा लगाउने र नीतिगत भ्रष्टाचार बढाउन सक्रिय हुँदै जानुले भ्रष्टाचारजन्य गतिविधिलाई प्रोत्साहन मिलेको छ ।

वास्तवमा भ्रष्टाचार आर्थिक अनियमितता मात्र नभई राजनीतिक र सांस्कृतिक समस्या पनि हो, जसले लोकतन्त्र र विधिको शासनलाई कमजोर बनाउँछ । नेपालको अर्थव्यवस्थाले पनि भ्रष्टाचारका घटना वृद्धि गराउन भूमिका खेलिरहेको छ । किनकि नेपालमा बहुदलीय शासन–व्यवस्थाको थालनी भएपछि कांग्रेस, एमाले र गणतन्त्र स्थापनापछि माओवादी, मधेसवादी दलभित्रका निकटस्थहरूको ठूलो जमात एक्कासि नवधनाढ्यका रूपमा उदाएका छन् । यसरी सुशासन कायम गर्ने मामिलामा सरकारी प्रयास असफल हुनु र अन्तर्राष्ट्रिय जगत्मा नेपाल भ्रष्टाचार गर्ने देशको सूचीमा उच्च स्थानमा रहनु हामी सबै नेपालीका लागि अत्यन्तै दुःखद विषय हो ।

अकस्मात् धनाढ्य हुनु अवैध मिश्रित व्यवसायको प्रतिफल हो र हरेक परिवर्तनपछि धनाढ्य वर्गले राजनीतिक व्यवस्था र नेतृत्वलाई घेराबन्दीमा पारी षड्यन्त्रपूर्वक आफ्नो आर्थिक हितअनुकूलको वातावरण सिर्जना गराउँदै आएका छन् । यस्ता धनाढ्यको संगतले राजनीतिक नेता तथा कार्यकर्तामा धनको लोभ जागृत गराउँछ । फलस्वरूप लोभकै कारण राजनीतिक परिवर्तन भ्रष्टाचारको सिकार हुन्छ । यसर्थ, जुन व्यवस्थामा नाफाका लागि लालायित पुँजीपतिहरू कानुनी तथा राजनीतिक रूपमा सत्तामा हाबी हुन्छन्, यस्ता भ्रष्टाचारजन्य गतिविधिले स्वाभाविक रूपमा निरन्तरता पाइरहन्छन् ।

त्यस्तै अदालत, संसद्, सरकार, राजनीतिक दल, निजी क्षेत्र सर्वत्र कुनै जवाफदेहिता छैन । जुनसुकै प्रकरणमा भएको भ्रष्टाचारमा संलग्न हुनेहरूलाई कानुनबमोजिम सजाय हुनुपर्नेमा विगतमा भएका भ्रष्टाचारसम्बन्धी अनुसन्धान र कारबाही हेर्दा यस्ता घटनाहरू केही समयका निम्ति मात्रै चर्चामा हुन्छन् । यसरी नेपालमा भ्रष्टाचार नियन्त्रण सुधार नहुनुमा सार्वजनिक क्षेत्रमा भएको अनियमितता र अधिकारको दुरूपयोग प्रमुख कारण मानिन्छ । किनकि व्यापार व्यवसायमा व्याप्त घुसखोरी, कारबाहीमा उदासीनता र सूचनामा नागरिकको सहज पहुँच नहुनुले भ्रष्टाचार मौलाइरहेको छ ।

नेपाली समाजमा चाकडी, चाप्लुसी, उपहार दिनेजस्ता गतिविधिलाई सामान्य रूपमा लिने गरिन्छ । तर, यस्ता गतिविधिमा ठूलो धनराशि खर्च भइरहेको हुन्छ । समाजमा इमानदारलाई भन्दा धनीलाई महत्व दिने गरिन्छ, जसले गर्दा व्यक्तिलाई सम्पत्तिको तृष्णा बढिरहेको छ र व्यक्तिलाई समाजमा सम्मानित जीवन बिताउन जसरी भए पनि सम्पत्ति कमाउनुपर्ने धारणाले मूर्तरूप लिएको छ । फलस्वरूप भ्रष्टाचार, अनियमितता, तस्करीजस्ता काम गरेर भए पनि सम्पत्ति जोड्नेतर्फ व्यक्तिहरू लागिरहेका छन् । यसरी जुन समाजमा सम्पत्तिलाई सबैभन्दा बढी महत्व दिइन्छ, त्यहाँ भ्रष्टाचारजन्य गतिविधिको उत्पत्ति भई प्रश्रय पाउने अनुकूल वातावरण बन्दै जान्छ ।

विगतमा राणा, राजाहरूले आफ्नो परिवार र नातेदारको चाहना तथा विलासितालाई बढाउनका लागि भ्रष्टाचार जन्य क्रियाकलाप गरेका थिए । राजनीतिक नेतृत्व, कर्मचारी तथा अन्य सार्वजनिक पद धारण गर्ने अधिकारीहरू आफ्नो परिवार, नातेदार तथा इष्टमित्रहरूको अपेक्षा र चाहना पूरा गर्न उनीहरूको दबाबमा भ्रष्टाचार गर्छन् । त्यसैले नेपालमा भएका अधिकांश ठूला भ्रष्टाचारका काण्डहरूमा जिम्मेवार अधिकारीका परिवारका सदस्यहरूको संलग्नता रहेको भेटिन्छ । तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो मृत्युअघिको इच्छापत्रमा लेखेका थिए, 'प्यारा छोरा, छोरी र ज्वाइँहरू, मैले यो सम्पूर्ण सम्पत्ति तिमीहरूकै लागि कमाएको हुँ, त्यसैले तिमीहरू सबैले बुद्धि पुर्याएर खर्च गर्न सक्यौ भने विलासिताका साथ तिमीहरूको जिन्दगी बित्नेछ ।'

राजनीतिक संरचनाभित्रका विभिन्न पक्षले राजनीतिक भ्रष्टाचारलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्छन् । नेपालका राजनीतिक दलहरूको नियमित खर्च निकै ठूलो छ, राजनीतिक पार्टीहरूको आफ्नै आम्दानीको स्पष्ट र दिगो स्रोत केही छैन । यस्तो अवस्थामा उच्च खर्च, अपारदर्शी कोष, महँगो निर्वाचन खर्चजस्ता गतिविधिलाई कसरी थेग्ने ? जसका लागि सरकारमा रहेका बेला मन्त्रीले विविध काम तथा निर्णयहरू गरेर त्यसबापतको कमिसन पार्टीलाई बुझाउनुपर्छ, पार्टीलाई रकम बुझाउने सर्तमा मात्रै मन्त्री बनाइन्छ र मन्त्रीलाई पार्टीबाट नै भ्रष्टाचार गर्न र कमिसन लिन लगाइन्छ । यसर्थ राजनीतिक पार्टी भ्रष्टाचार र कमिसनका मूल स्रोत बनेका छन् ।

नियमित पार्टी सञ्चालन, निर्वाचन, महाधिवेशनलगायतका कार्यक्रममा पार्टीहरूले ठूलो धनराशि खर्च गर्छन् । तर, त्यसको स्रोत पारदर्शी छैन । राजनीतिक दलहरूले आफ्नो बैंक खातासमेत व्यवस्थित र चालू अवस्थामा राखेका छैनन् । कहाँबाट के–कति आम्दानी भयो, कुन व्यापारीले कुन प्रयोजनका लागि कति सहयोग गर्यो, त्यो रकम कहाँ कसरी खर्च भयो भन्नेजस्ता जानकारीसमेत पारदर्शी छैनन् । राजनीतिक दलहरूले केन्द्रदेखि जिल्लासम्म निर्माण वा खरिद गरेका भवनको कति खर्च लाग्यो भन्ने कुराको यथार्थ विवरण कुनै पार्टीले दिन सक्दैनन् ।

राजनीतिक निरन्तरताका लागि कार्यकर्ता चाहिन्छ । नेपालका अधिकांश राजनीतिक दलका कार्यकर्ताहरू बेरोजगार छन् । हरेक पार्टी तथा तिनका नेतामाथि यस्ता कार्यकर्ताको खर्च चलाइदिनुपर्ने दायित्व हुन्छ । आफ्ना नेता उच्च राजनीतिक पदमा पुगेपछि कार्यकर्ताहरू त्यसको गलत फाइदा लिनका लागि तँछाडमछाड गर्छन् । यसरी राजनीतिमा लाग्ने कार्यकर्ताहरूको आफ्नै छुट्टै पेसा–व्यवसाय अँगाल्ने संस्कार को सुरूवात नहुनुले दलका कार्यकर्ताले राजनीतिलाई नै पेसा बनाएका छन्, जसले भ्रष्टाचारलाई बढावा दिन्छ ।

यस्ता बेरोजगार कार्यकर्ताहरू आफ्नो पार्टी सरकारमा रहँदा नेतालाई आफ्नो आर्थिक उपार्जनका लागि दबाब दिन्छन् । उनीहरूले अवैध किसिमले ठेक्कापट्टा मिलाउन, जागिर लगाइदिन, आफन्तलाई आर्थिक रूपमा आकर्षक स्थानमा सरूवा गराइदिनका लागि नेतालाई दबाब दिन्छन् । कार्यकर्ता भड्किएमा आफ्नो राजनीतिक भविष्यसमेत कमजोर हुने भएकाले नेताहरू आफ्ना कार्यकर्ताको दबाबलाई बेवास्ता गर्न सक्दैनन् अनि भ्रष्टाचार जन्य गतिविधि बढ्न थाल्छन् ।

अर्कातर्फ राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधीश, मन्त्री तथा सांसदहरूका स्वकीय सचिव र सचिवालयमा काम गर्ने अन्य कर्मचारीको नियुक्तिमा कुनै पनि मापदण्ड बनेको छैन । फलस्वरूप कर्मचारी, प्रहरी र प्रशासनमा स्वकीय सचिवहरू हाबी हुन्छन् भने भ्रष्ट र घुसखोरीलाई निकट पार्ने काममा उनीहरूको संलग्नता हुन्छ । त्यस्तै पिए वा स्वकीय सचिवका लागि कुनै योग्यता आवश्यक नपर्ने र कस्ता मानिसलाई नियुक्ति गर्ने भन्ने आधार समेत नभएका कारण विकृति थप मौलाएको छ ।

मानिसहरूमा भ्रष्टाचार गर्नु हुँदैन भन्ने चेतना संस्कारको रूपमा विकसित हुँदै जाने र भ्रष्टाचारविरूद्ध सशक्त कानुन निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने हो भने मात्रै भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । हुन त हाम्रोमा भ्रष्टाचारविरूद्धका कानुन नभएका होइनन् र कानुन लागू गर्ने निकाय नभएको पनि होइन । तर विडम्बना, यस्ता कानुनहरूको कार्यान्वयन नै हुँदैन । अर्कातर्फ नेपालमा भ्रष्टाचारको घटना त्यतिबेला मात्र बाहिर आउँछ, जब दुई पक्षबीचको स्वार्थ बाझिन्छ । जहाँ कानुनी शासनको अभाव हुन्छ, त्यहाँ कानुनको निर्माण पहुँचवालाहरूको सुविधाअनुसार बनाइन्छ र यसको प्रयोग पनि शक्तिशालीहरूको अनुकूलताअनुसार गरिन्छ, जसले भ्रष्टाचार बढाउँछ ।

कुनै मानिसलाई यदि भ्रष्टाचार गलत र अनैतिक कार्य हो भन्ने लाग्दैन भने ऊ भ्रष्टाचारमा संलग्न हुन्छ । अरूले भ्रष्टाचार गरेको देखेर पनि मानिस भ्रष्टाचार गर्न लालायित हुन्छ । भ्रष्टाचार गर्ने अवसर प्राप्त हुनु, नेता र उच्च तहका कर्मचारीहरू आफैं भ्रष्टाचारमा संलग्न हुनु, लोभी र बेइमानी आचरण, समाजमा नैतिकताको क्षयीकरणजस्ता कारणले व्यक्तिलाई भ्रष्टाचारी बनाउँछ । भ्रष्टाचार एक प्रकारको दूषित मानसिकता

*बाँकी पृष्ठ ३ मा*

# यि हुन् ग्यास्ट्रिक निको पार्ने घरेलु उपाय



ग्यास्ट्रिकको समस्या अहिले अधिकांशमा देखिन्छ । ग्यास्ट्रिक हुँदा वाकवाकी लाग्ने, बान्ता हुने, खाना नरूच्ने, नपच्ने पेटको माथिल्लो भाग दुख्ने, पेट फुल्ने, ढ्याउ आउने, छाती तथा पेट पोल्ने समस्या हुन्छ । यसैगरी अमिलो डकार आउने, कब्जियत हुनेदेखि बढ्दै गएमा अल्सरसम्म हुनसक्छ ।

पिरो, चिल्लो, अम्लीयपन भएका, मसालेदार, नुनिलो खानेकुरा धेरै खाँदा ग्यास्ट्रिकको समस्या हुन्छ । खाना खाने तालिका नमिल्दा पनि ग्यास्ट्रिक हुन्छ । ग्यास्ट्रिक निको बनाउन आयुर्वेदले केही घरेलु उपचार सुझाएको छ ।

## घरेलु उपचार

**पुदिना :** पुदिनायुक्त हर्बल चिया पिउँदा यसले ग्यास्ट्रिक कम गर्दै लैजान्छ । यसले पाचनशक्ति बढाउने काम गर्छ । बिहान बेलुका पुदिनाको जुस वा अचार बनाएर खाँदा ग्यास्ट्रिकको समस्या कम हुन्छ ।

**कागती :** तातो पानी वा चिसो पानीमा बिहान बेलुका कागती राखेर पिउँदा ग्यास्ट्रिकको समस्या समाधानमा फाइदा पुग्छ ।

**पुदिना :** पुदिनाको पात सफा पानी वा तातोपानीमा धोएर मुखमा चपाएर राख्न सकिन्छ । त्यस्तै यसलाई बिहान बेलुका जुस बनाएर पनि पिउन सकिन्छ । यसले पाचनप्रक्रिया बलियो बनाउन मद्दत गर्छ ।

**अमला पाउडर :** दैनिक अमला पाउडर तातो वा चिसो पानीमा मिसाएर दिनको दुई पटक सेवन गर्न सकिन्छ । यसलाई बिहान खाली पेटमा सेवन गर्न सके अझ ग्यास्ट्रिकको समस्याबाट मुक्त गर्न मद्दत गर्छ ।

**दालचिनी :** मसलाको रूपमा घरमा प्रयोग गर्ने दालचिनी खानेकुरा मिसाएर वा चिसो वा तातो पानीमा उमालेर सेवन गर्दा पनि पेटलाई हल्का गराउन मद्दत गर्छ ।

**दही र मोही :** दही फ्रेस भएको खण्डमा खान सकिन्छ । अमिलो दही खान मिल्दैन । मोही बिहान र बेलुका खान सकिन्छ ।

**त्रिफला :** त्रिफलाले पाचन शक्ति बढाउन, कब्जियत हटाउन मद्दत गर्छ । जसले ग्यास्ट्रिक कम हुन्छ । यसलाई ताजा पानीमा बिहान शौच गरेपछि खाली पेटमा दैनिक एकपटक लिनु उपयुक्त हुन्छ । यसले रोगप्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुऱ्याउँछ । यो गर्भवती अवस्थामा सेवन गर्नु हुँदैन ।

**जेठी मधु :** तातोपानीमा जेठी मधु घोलेर बिहान बेलुका सेवन गर्ने, खाना खाने समयलाई निर्धारण गरी दैनिक एकै समय खाना खाने बानी गर्नुपर्छ । बिहान उठ्नासाथ पानी पिउँदा पनि केही मात्रामा ग्यास्ट्रिकबाट बच्न सकिन्छ । यस्तै समयमा खाना खाना खाने हो भने ग्यास्ट्रिकबाट बच्न सकिन्छ ।

## जटिलता

अल्सर बिग्रिंदै गएर रगत नै बान्ता समेत हुन सक्छ । यसले पाचन प्रणालीमा पनि बाधा उत्पन्न गराउँछ । जसले शरीरमा रगत, क्याल्सियमको कमी हुन सक्छ । यसको समयमै उपचार नगरेमा पेटको अल्सर र क्यान्सर नै हुन सक्छ ।

# स्वस्थ र दीर्घ जीवनका लागि यी खानेकुराबाट टाढै रहनुहोस्

मोटोपन सुन्दा जति सामान्य लाग्छ, शरीरका लागि त्यति नै घातक समस्या पनि हो यो । आम समस्या नै बनेको मोटोपनलाई यो दशककै दीर्घ रोगको जोखिम गराउने कारकको रूपमा लिइएको छ । मुख्यतयाः खानपिनको उचित व्यवस्थापनको अभावमा देखिने यसले व्यक्तिमा अन्य जटिल रोग निम्त्याउने विभिन्न अध्ययनले देखाएका छन् ।

यसै सन्दर्भमा विश्वका अधिकांश जनसंख्यालाई कुपोषणले भन्दा आवश्यकताभन्दा बढी खानेकुराले मृत्युको मुखमा छिटो पुऱ्याएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को निष्कर्ष छ ।

यस्तै, अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी)ले पनि अनियन्त्रित तौल वृद्धिले मुटु रोगजस्ता घातक रोग बढिरहेको पुष्टि गरेको छ । त्यसैले समयमै दीर्घ रोगबाट बच्दै स्वस्थ र लामो जीवनयापन गर्नका लागि दैनिक के कस्ता खानेकुरा खाइरहेका छौं भन्ने कुरामा ध्यान दिनु अत्यावश्यक रहेको जीवनशैली प्रशिक्षक तथा आहारविद् राजु अधिकारी बताउँछन् ।

'दीर्घ जीवन बाँच्न २४ घण्टा नै के खाँदै छौं र कति मात्रामा खानु उचित हो भन्ने मूल्यांकन गर्न सक्नुपर्छ,' उनी भन्छन्, 'जे खानुहुन्छ, जसरी खानुहुन्छ त्यसले नै शरीर बनाउँछ ।' यो भनाइ केही हदसम्म सत्य साबित हुने दुई दशकभर भएका केही अनुसन्धानले देखाउँछन् ।

## प्रशोधित मासु

प्रशोधित मासु बनाउन धेरै खालको प्रक्रिया लाग्छ । त्यसपछि मात्र सर्वसाधारणकहाँ पुग्छ । त्यस्ता मासुलाई भण्डारण गर्न अत्यधिक नुनको प्रयोग, सुख्खा पार्न अपनाइने विधि, साथै त्यसलाई कुहिन नदिन हानिकारक रसायनहरू अस्वस्थकर हुन् । त्यसैले यदि स्वस्थ र लामो जीवनयापन गर्न चाहनुहुन्छ भने तपाईंको रोजाइमा पर्ने प्रशोधित मासुको बारेमा एकपटक सोच्नैपर्ने हुन्छ ।

बायोएमएड सेन्ट्रलले सन् २०13 मा १० ठूला युरोपियन देशहरूमा गरेको अध्ययनले जो व्यक्ति दैनिकजसो प्रशोधित मासु खान्छन् । उनीहरूमा ४४ प्रतिशत क्यान्सर र मुटुरोगको जोखिम पाएको थियो । आधा लाख भन्दा बढी व्यक्तिमा भएको अध्ययनले यस्तो निष्कर्ष निकालेको हो । साथै, प्रशोधित मासुमा उच्च मात्रामा नुन हालिएको हुन्छ, जसले उच्च रक्तचाप बढाउँछ । त्यस्तै त्यसमा हुने नाइट्रेटले धमनीहरू अवरूद्ध हुन सक्छ । सन् २०१० मा हार्वर्ड स्कुल अफ पब्लिक हेल्थद्वारा प्रकाशित अर्को एक अध्ययनमा विश्वभर बाट १६ सय केस स्टडीको नतिजा एकदम डरलाग्दो थिए । नियमित रूपमा प्रशोधित मासु खाने व्यक्तिमा मधुमेहको खतरा १९ प्रतिशत बढेको देखियो । त्यसैले घरमा कसैलाई मधुमेह वा मुटुरोग भएमा त्यस्तो मासु खान रोक्नु उचित हुने विज्ञहरूको सुझाव छ ।

## चाउचाउ

सस्तो, छिटो र मीठो । बालकदेखि वृद्धसम्मको रोजाइमा पर्छ चाउचाउ । त्यति मात्र होइन, रातको समयमा कामबाट थाकेर आउँदा सजिलो विकल्प पनि हो यो । चाउचाउ सबैभन्दा बढी बिक्री हुने खानेकुरामा पर्छ । तर स्वस्थ जीवनको लागि भने यो राम्रो विकल्प हुँदै होइन ।

चाउचाउमा भण्डारण गर्ने विधि, त्यसमा लगाइने रङ, मिसाइने हानिकारक रसायन, आर्टिफिसियल फ्लेभरका कारण यो स्वास्थ्यका लागि हितकारी मानिंदैन । त्यस्तै यसमा अत्यधिक सोडियम र फ्याट हुन्छ । यी हानिकारक मिश्रित तत्वले पक्कै पनि शरीरलाई छिटो रोगी बनाउँछ । सन् २०१४ मा साउथ कोरियाली जर्नल द जरनल अफ न्युट्रीसियनले १० हजार वयस्कमा गरेको अध्ययनले सातामा दुईदेखि तीन पटक चाउचाउ खानेहरूमा मेटाबोलिक सिन्ड्रोमको उच्च जोखिम हुन्छ ।

यो सिन्ड्रोमले रगतमा चिनीको मात्रा, उच्चरक्तचाप र कोलेस्टेरोल बढाउन सक्छ । जुन मुटुरोगको जोखिम कारक मानिन्छ । उच्च सोडियमले मिर्गौला र मुटुरोगको जोखिम बढाउँछ । त्यसैले सकेसम्म चाउचाउ खानुअघि विचार पुऱ्याउनु राम्रो हुन्छ ।

## सुगर फ्री

बजारमा स्वस्थ भनेर वैकल्पिक चिनी अर्थात् सुगर फ्री भनिएका सामग्री बेचिएका हुन्छन् । प्रायः मधुमेह भएकाहरूले स्वादको लागि र डाइट गरेकाहरूले पनि चिनीको विकल्पमा उपभोग गर्छन् । पछिल्ला अध्ययनले चिनी कम गर्छु भन्दै सुगर फ्री खानु खतरा साबित हुने देखाएको छ । अध्ययन अनुसार सुगर फ्रीको सेवनले रगतमा चिनीको स्तर पनि बढाउने गर्छ । यति मात्र होइन यसले शरीरको प्रतिरक्षा प्रणालीलाई पनि असर गर्छ । साथै, मधुमेह र मोटोपनको जोखिम बढाउँछ ।

## तारेको खानेकुरा

डिप फ्राइड परिकार विश्वव्यापी रूपमा पाइन्छ, यसलाई अधिकांश मानिसले र चाउँछन् । आलु चिप्स, फ्राइड चिकन, फ्रेन्च फ्राइज, प्याज रिंगजस्ता धेरै परिकार छन् जुन सबैको रोजाइमा पर्छन् । धेरै अध्ययन अनुसार तारेको वा भुटेको खानेकुरा दैनिक खाँदा दीर्घरोगको जोखिम बढ्ने मात्र नभई बिस्तारै मुटुको धमनीमा असर गर्दै जान्छ ।

## किन हुन्छ ... ... . .

हो, सामन्ती संस्कारको उपज हो भने भ्रष्टाचारको मूल जड लोभ हो ।

देश विकासका लागि दूरदृष्टि र दृढ इच्छाशक्ति भएको नेता अनि स्वच्छ तथा भ्रष्टाचाररहित प्रशासन चाहिन्छ । दुर्भाग्य, नेपालले यी दुई कुरा अहिलेसम्म पाउन सकेन । कुनै पनि देश समृद्धिको मूल आधार इमानदार र व्यावहारिक सरकार हो, भ्रष्टाचाररहित सरकार, राजनीति र कर्मचारीतन्त्र नै हो । तर भ्रष्टाचार नेपालको संस्कृति अनि प्रवृत्ति बनेको छ । यदि कसैले भ्रष्टाचार नगर्ने हो भने स्रोतको उचित उपयोग हुन्छ, देश विकास हुन्छ, नेपाली मुद्राको क्रयशक्ति बढ्न गई सबै नेपालीले सम्पन्न जीवनयापन गर्न सक्ने वातावरण बन्दै जान्छ ।

*(-लेखक अधिवक्ता हुन् ।)*






# कैलाशका ६ जना चेलीलाई गाउँपालिकाको सम्मान



◆ विकास संवाददाता

मकवानपुरको विकट मानिने कैलाश गाउँपालिकाले वार्षिक कार्यक्रम अन्तरगत ६ जना चेलीहरूलाई नगद सहित सम्मान गरेको छ । बुधबार गाउँपालिकामा आयोजित एक कार्यक्रमका बीच ६ जना चेलीहरूलाई नगद बीस हजार सहित सम्मानपत्रले सम्मान गरिएको थियो ।

प्लटु पास गरी २० वर्ष पारी गरी विवाह गर्ने कैलाश गाउँपालिका निवासी ६ जना चेलीहरूलाई सम्मान गरिएको हो । गाउँपालिकाले नीति तथा कार्यक्रममा समेट्दै चेली प्रोत्साहन कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएको हो । सम्मानित हुनेमा कैलाश ६ की संगीता डुङ्गाना, प्रतिभा अर्याल र लक्ष्मी श्रेष्ठ, कैलाश १० की सरूया प्रजा र उर्मिला थिङ, कैलाश २ की लक्ष्मी मोक्तान रहेकी छिन् ।

गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक एंव वडा २ का वडा अध्यक्ष राजेन्द्र घिसिङको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोक बहादुर मोक्तानको प्रमुख आतिथ्यता रहेको थियो । सम्मान गर्दै अध्यक्ष मोक्तानले पालिकामा हुने बालविवाहलाई कसरी न्यूनिकरण गर्न सकिन्छ भनी यस कार्यक्रम ल्याइएको बताए ।

छोराछोरी दुबै पढ्नुपर्छ र २० वर्ष पछि मात्रै विवाह गर्नु पर्छ भन्ने सन्देशका साथ यस कार्यक्रमलाई लागु गर्दै ६ जना चेलीहरू सम्मान गर्दै कार्यक्रमलाई सुरूवात गरिएको बताए ।

यस कार्यक्रमले बालविवाहलाई निरूत्साही गर्नुका साथै छोरीलाई पनि शिक्षा दिनुपर्छ भन्ने जनचेतना फैलने अध्यक्ष मोक्तानले बताए । यस वर्ष ६ जनालाई सम्मान गरियो आगामी वर्ष धेरै चेलीहरू सम्मान गर्ने मौका मिलोस् भनी गाउँबासीलाई आग्रह गरेका छन् । कार्यक्रममा पालिका उपाध्यक्ष बालकुमार मल्ल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रूपेश दुलाल, पालिका प्रमुख प्रशासकीय अधिकृत अशोक विष्ट, शिक्षा विकास शाखाका प्रमुख सुरेन्द्र थिङलगायतको आतिथ्यता रहेको थियो ।

# इन्द्रसरोवर गाउँपालिकामा ग्रामीण आँखा केन्द्र शुभारम्भ




◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका तथा हेटौडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा ग्रामीण आँखा केन्द्र शुभारम्भ भएको छ । गाउँपालिकामा १७ जेठमा स्थापना भएको आँखा केन्द्रको मकवानपुर निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधि सभा सदस्य महेश कुमार बर्तौलाले उद्घाटन गरेका हुन् ।

गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीको सभाध्यक्षतामा भएको उद्घाटन कार्यक्रमका अतिथी तथा उपस्थित सबैलाई उपाध्यक्ष उमा कुमारी लामाले स्वागत गरेकी थिइन् । कार्यक्रममा नेपाली सेनाका सेनानी, प्रमुख प्रशासकीय अधिकृत प्रलाद कार्की, २ नंम्बर वडा अध्यक्ष सुमन श्रेष्ठ, हेटौडा सामुदायिक आँखा अस्पतालबाट डा. सुनिल थकाली लगायतको उपस्थिति रहेको थियो। निःशुल्क आँखा शिविर कार्यक्रममा २ सय ८९ जनाले आँखा परीक्षण गरी निःशुल्क औषधी वितरण समेत गरिएको थियो ।

आँखा परीक्षणको क्रममा १५ जनामा मोतियाबिन्दुको लक्षण देखिएको थियो भने १५ जनालाई निःशुल्क उपचारका लागि हेटौडा सामुदायिक आँखा अस्पतालसंग सहकार्य भइ थप उपचार गर्ने व्यवस्था मिलाइएको छ । कार्यक्रम पालिकाका योजना तथा प्रशासकीय अधिकृत दीपक चापागाईले संचालन गरेका थिए ।

# हेटौंडामा 'मेरो फोहोर मेरो जिम्मेवारी अभियान' सुरू

◆ विकास संवाददाता

सामुदायिक विकास तथा सचेतना नेपाल र बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको आयोजनामा हेटौंडा उपमहानगर पालिका, टोल विकास संस्था नगर समन्वय समिति को समन्वयमा 'मेरो फोहोर मेरो जिम्मेवारी अभियान'को सुरूवात गरिएको छ ।

विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीको अध्यक्षतामा भएको यस कार्यक्रममा हेटौंडा उपमहानगरपालिका वातवारण तथा विपद् व्यवस्थापन समितिका संयोजक तथा वडा नं १० का वडाअध्यक्ष फुर्वा लामा, सामाजिक विकास महाशाखा प्रमुख भिम प्रसाद तिमल्सीना, टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव प्रसाद अधिकारी र विद्यालयका सहायक प्रधानाध्यापक अमुल श्रेष्ठ, लगायतको आथित्यतामा सम्पन्न भएको थियो ।

कार्यक्रममा आफ्नो भनाइ राख्दै हेटौडा उपमहानगर पालिका सामाजिक विकास महाशाखा प्रमुख भिम प्रसाद तिमल्सिनाले वाताबरण संरक्षणमा यो अभियान आजको आवस्यकता भएकोले यस्तो उदाहरणीय अभियानमा उपमहानगर पालिका ले अभिभावकत्व प्रदान गर्ने




बताए ।

यसैगरी कार्यक्रमका उपमहानगर पालिका वातवारण तथा विपद् व्यवस्थापन समितिका संयोजक तथा वडा नं १० का वडाअध्यक्ष फुर्वा लामाले हेटौडा उपमहानगरपालिका सफा हेटौंडा स्वच्छ हेटौंडा भन्ने मुल नाराका साथ अघि बढीरहेको अवस्थामा यो अभियानले टेवा पुग्ने र सबै जनमानसलाई मेरो फोहोर मेरो जिम्मेवारी भने बुझाउन सके मात्र फोहोर मैला व्यवस्थापन सफल हुन सक्ने बताए ।

कार्यक्रमको अन्त्यमा बालजागृति इंग्लिस सेकेण्डरी स्कुलको प्रधानाध्यापक तथा कार्यक्रमका सभाध्यक्ष विनोद सुवेदीले मानव जातीको संरक्षणका लागि पर्यावरण जोगाईराख्नु पर्ने भएकोले पर्यावरण बचाउन स्थानिय पाठ्यक्रममा कक्षा १ देखि नै मेरो फोहोर मेरो जिम्मेवारी भन्ने बारेमा बुझाउन आवश्यक रहेको बताए ।

# सडक खन्दा रूख काटिएको गुनासो

◆ विकास संवाददाता

मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-३ मा रहेको टुँडीखेल सामुदायिक वन भएर सडक निर्माण गर्ने नाममा एक सयवटा हरिया रूखहरू काटिएको स्थानीय वासिन्दाले गुनासो गरेका छन् । यस क्षेत्रमा एउटा सडक हुँदाहुँदै पनि जंगलबाट सडक निर्माण गर्ने नाममा हरिया सालका साना र ठुला रूख कटान गरिएको स्थानीयले आरोप लगाएका हुन् । बर्षौंदेखि उपभोक्ताले संरक्षण गरेको जंगलका रूख कटान हुँदा उपभोक्ता चिन्तित बनेका छन् ।

बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको लगानीमा जनयुद्ध शहीद मार्ग निर्माण गर्ने नाममा हरिया रूख कटान गरिएको उपभोक्ताको गुनासो छ । फराकिलो सडक निर्माण गर्ने क्रममा जंगलबाट परेकाले केही रूख र बोटबिरुवा मात्र मासिएको टुडिखेल सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रामबहादुर माझीले बताए । जथाभावि रूख कटान गर्नै गरी नै सडक निर्माण भने नगरिएको उनले जानकारी दिएका छन् । सयवटा हरिया रूख कटान हुँदा समेत वन उपभोक्ता समिति, डिभिजन वन कार्यालय हेटौंडाका प्रतिनिधि, बागमती गाउँपालिका पदाधिकारीले आँखा चिम्लीएर बसेको स्थानीयको आरोप छ ।

# डाँडाबास दामगाडे महादेववेशी सडकलाई २० करोड समपुरक बजेट

◆ विकास संवाददाता

मकवानपुरबाट धादिङ जेड्ने डाँडाबास दामगाडे-महादेववेशी सडकका लागि संघीय सरकारले २० करोड समपुरक अनुदान विनियोजन गरेको छ ।

प्रदेश सरकारको समपुरक योजना अन्तर्गत उक्त सडकलाई बजेट विनियोजन भएको हो । थाहा नगरपालिकाको वडा नम्बर ७ र ८ हुँदै धादिङको थाके गाउँपालिका वडा नम्बर ३ जोडिने सडकका लागि बागमती प्रदेश सरकारले थप २० करोड समपुरक बजेट विनियोजन गर्नेछ । थाहा नगरपालिकाले विस्तृत परियोजना प्रस्ताव तयार गरी बागमती प्रदेश सरकार मार्फत उक्त सडकका लागि पालिकाले प्रस्ताव गरेको थियो । चालु आर्थिक वर्षबाट बजेट विनियोजन भई पेश निर्माण प्रारम्भ भएको उक्त सडक २ वर्ष भित्रमा निर्माण सक्ने योजना रहेको छ ।

# 'सहकारीलाई अनुदान नियम सम्मत भएन'

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले स्थानीय सहकारी संस्थाको कार्यालय व्यवस्थापन खर्चका लागि दिएको अनुदान नियम सम्वत नभएको पाइएको छ ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०७८/०७९ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा नाफा मुलक संस्थालाई अनुदान प्रदान गर्नु नियम सम्वत मान्न नसकिएको बताएको हो । इन्द्रसरोवर गाउँपालिकाले जिल्ला बचत तथा ऋण सहकारी संस्थालाई आर्थिक वर्ष २०७८/०७९ मा ३ लाख अनुदान उपलब्ध गराएको थियो । स्थानीय सर कार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास र दीर्घकालिन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७४५३३००
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# दामन सिमभन्ज्याङको विकासका लागि युवा क्लबको ध्यानाकर्षण



◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय स्थल दामनको पर्यटन प्रवर्द्धनका लागि थाहानगर प्रमुख विष्णु बहादुर विष्टको ध्यानाकर्षण गराइएको छ। थाहा नगर पालिका वडा नम्बर ४ मा पर्ने दामन-सिमभन्ज्याङ क्षेत्रसहित नजिकका अन्य गाउँटोलहरूको समेत पर्यटन प्रवर्द्धन र विकास/निर्माणमा पहल गर्न आग्रह गर्दै एभरेष्ट युवा विकास क्लब दामनका अध्यक्ष शिव कुमार केसीले ध्यानाकर्षण गराउँदै योजनाको प्रस्तावहरू हस्तान्तरण गरेका छन्।

क्लबका अध्यक्ष केसीले कार्ययोजना सहितको प्रस्ताव नगर प्रमुख विष्टलाई बुझाउदै आगामी आर्थिक वर्ष २०८०/०८१ को विकास बजेट योजनामा दामनमा ५ सय जना अटाउने सभा हल, पर्यटकिय आकर्षक स्थल सेल्फिडाँडाको स्तरोन्नति र दामन भ्यु टावरको मर्मत सम्भार गर्नका लागि अनुरोध गरेका छन्। केसीले दामन शितोष्ण वागवानी नर्सरी केन्द्रबाट संचालन हुने गरेका विभिन्न कार्यक्रमहरूमा वडा नंम्बर ४ र ५ को कृषि क्षेत्रहरू क्रमशः नारायणझ्याउ, ठुलोमाखु, खोलाघारी, फापरबारी, जुरेथुम, जक्करघारी, नलिबन र खर्कका आम किसानहरूलाई समेत नगरपालिका कार्यालयको कृषि शाखा मार्फत ति कृषि कार्यक्रमहरूमा सहभागी गराउनको लागि पनि पहल गरिदिन माग गरेका छन्।

यसैबीच थाहा नगरपालिका वडा नम्बर ४ मा रहेको सिद्धकाली सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष अच्युत केसीलाई दामन भ्युटावर परिसरमा जिर्ण तथा जोखिमपुर्ण अवस्थामा रहेका रूखहरू काट्नका लागि सहजीकरण गरिदिन क्लबले आग्रह गरेको छ। पर्यटकहरूका लागि दृश्यावलोकनमा बाधक बनेका रूखका हाँगाबिँगाहरू काटछाँट गर्नमा समन्वय गरिदिन क्लवका अध्यक्ष केसीले जानकारी दिए।

# कांग्रेस मकवानपुर २ 'क' र थाहानगरको संयुक्त सम्मेलन

◆ विकास संवाददाता

नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ क प्रदेश र थाहा नगरको संयुक्त सम्मेलन १८ जेठमा पालुङ जेसिज सभाहलमा भएको छ। कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ क का सभापति खड्ग गोपालीको सभाध्यक्षता, कांग्रेसकी केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाको प्रमुख आतिथ्यता तथा कांग्रेस बागमती प्रदेश सभापति ईन्द्रबहादुर बानियाँको विशिष्ट आतिथ्यतामा संयुक्त सम्मेलन भएको हो।

नेपाली कांग्रेसको वडा, गाउँपालिका, क्षेत्र, संघीय, जिल्ला र प्रदेशको सम्मेलन गर्ने केन्द्रीय परिपत्र बमोजिम नेपाली कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ क र थाहानगरको संयुक्त सम्मेलन आयोजना गरिएको हो।सम्मेलनमा नेताद्वय उपाध्याय र बानियाँले स्थानीय नेता कार्यकर्ता पंक्तिबाट उठेको जिज्ञासाको जवाफ दिदैं पार्टीको भावी रणनीतिको बारेमा बोलेका थिए।

कार्यक्रममा कांग्रेस जिल्ला सभापति बुद्ध लामा, पूर्व जिल्ला सभापति रघुरमण न्यौपाने, जिल्ला उपसभापति आनन्द कठायत, सचिव ईश्वर पाठक, जिल्ला सदस्य आनन्दराम पराजुली, कांग्रेस मकवानपुर क्षेत्र नम्बर २ का संघीय सभापति लोक मुक्तान, मकवानपुर क्षेत्र नम्बर २ ख का प्रदेश सभापति रञ्जन कालाखेती, हेटौंडा उपमहानगर सभापति उत्सव ईटेनी, थाहा नगर सभापति प्रमोदकृष्ण जोशी, भीमफेदी गाउँपालिका सभापति सञ्जिव श्रेष्ठ, थाहा नगरका उपमेयर भरत गोपाली, कांग्रेस नेताहरू भीम लामा, यतिराज सापकोटा, भीमफेदी ६ का सभापति सोमबहादुर घलान, मकवानपुर गढी ७ का सभापति सुर्यबहादुर रूम्बालगायतले मन्तव्य व्यक्त गरेका थिए।

# थाहा-४ का एकल तथा विधवा महिलालाई बाख्रा वितरण



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ ले एकल तथा विधवा महिलालाई आयआर्जनमा सघाउ पुऱ्याउने उद्देश्यले बीउ बाख्रा वितरण गरेको छ। १६ जेठमा वडा कार्यालयले वडाभित्रका २५ जना एकल महिलालाई बाख्रा वितरण गरेको हो।

वडा अध्यक्ष नारायण लामाका अनुसार वडाको वार्षिक स्वीकृत कार्यक्रम अनुरूप आर्थिकरूपमा आत्मनिर्भर बनाउने अभियान अन्तर्गत वडाले एकल महिला बाख्रा वितरण गरिएको बताए। आर्थिक तथा सामाजिक सूचांङ्कका आधारमा पछि परेका महिलालाई जीविकोपार्जन गर्ने उद्देश्यले स्थानीय जातका बाख्रा वितरण गरिएको कार्यक्रमका सहजकर्ता तथा पशु बिकास शाखा प्रमुख राघवेन्द्र मिश्रले बताए।

बाख्रा वितरण कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले 'एकल महिलाहरूको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यले बाख्रा वितरण गरेका छौं,' उनले भने, ‚बाख्रा पालनबाट महिलाहरूको जीवनस्तर माथि उठाउन टेवा पुग्ने छ। साथै उनले आगामी बर्ष अरू वडामा बाख्रा वितरण गर्दा यहि वडाबाट उत्पादित बाख्रा वितरण गर्न पाइए त्यो नै उपलब्धि हुने बताउदै बाख्रापालन सजिलो पेशा तथा राम्रो आयआर्जन गर्न सकिने व्यवसाय भएको उनको भनाई छ।

वडाबाट बाख्रा पाएपछि खुसी हुँदै इन्दिरा केसीले यसले आफ्नो आर्थिक सुधारमा टेवा पुग्ने बताइन्। वडाले दिएको बाख्राबाट संख्या वृद्धि गर्दै आगामी दिनमा राम्रो आम्दानी लिने उनको भनाई छ। यस अघि महिलाहरूलाई पशु बिकास शाखाले बाख्रा पालन सम्बन्धि ३ दिने तालिम समेत दिएको थियो। बाख्रा वितरण कार्यक्रममा कृषि शाखा प्रमुख संजय तिवारी, वडा सदस्य शुन्दर राज केसी, वडाका पशु प्राविधिक रूपेश कुमार मिश्र लगायतको उपस्तिथि रहेको थियो।

# थाहानगरका खेलाडीलाई ४ अन्तराष्ट्रिय पदक




◆ विकास संवाददाता

काठमाडौको लैनचौरमा जारी नवौं माउन्ट एभरेस्ट अन्तर्राष्ट्रिय कराते च्याम्पियनसिप २०२३ मा नेपालको लागि थाहा नगरपालिकाका खेलाडीले ४ वटा पदक हात पारेका छन्।

प्रतियोगितामा थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा रहेको स्वच्छन्द भैरव कराते डोजोका अर्जुन गमालले स्वर्ण पदक, सहित सुशील रूम्बाले कास्य, करण गमालले कास्य र काता तर्फ भुमिका बलामीले कास्य पदक दिलाउन सफल भएका हुन्।

प्रतियोगितामा भारत, बंगलादेश, श्रीलंकासहित ८ देशले सहभागीता जनाएका थिए। प्रतियोगितामा थाहाका खेलाडिहरूले पदक जित्न सफल भएको प्रशिक्षक रोशन बलामी तथा कराते महासंघ थाहाका सचिव सम्राट बलामीले जानकारी दिए।

# नापी कार्यालयमा पहिलो सेवाग्राहीलाई सम्मान

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकामा रहेको नापी कार्यालयले आइतबार सेवा लिन आएका पहिलो सेवाग्राहीलाई सम्मान गरेको छ।

नापी विभाग स्थापनाको ६६ वर्ष पुगेको अवसर पारेर नापी कार्यालय शिखर कोटमा आउने सेवाग्राहीलाई फूलको गुच्छाले स्वागत गरेको हो। नापी कार्यालय शिखर कोटका प्रमुख गोपालनारायण भुजेल सहित कार्यालयका कर्मचारीहरूले थाहा-१० टौखेलका रामबहादुर गोपालीलाई फूलको गुच्छा र खादा सहित स्वागत गरिएको कार्यालयका प्रमुख भुजेलले जानकारी दिए।

# दामन-सिमभञ्ज्याङ क्षेत्रमा सरसफाई र वृक्षरोपण

◆ विकास संवाददाता

थाहा नगरपालिकाको पर्यटकीय क्षेत्र दामन-सिमभञ्ज्याङ क्षेत्रमा सरसफाई र वृक्षरोपण गरिएको छ। जनताद्वारा चुनिएका प्रतिनिधिले शासन गर्ने व्यवस्था गणतन्त्र लागू भएको दिनको अबसरमा यस क्षेत्रका स्थानीयले सरसफाई र फलफूलको विरूवा रोपिएको हो। जनआन्दोलन २०६२/६३ को जगमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष जेठ १५ गते देशभर विभिन्न कार्यक्रम गरी गणतन्त्र दिवस मनाइने गरिएको छ।

१६ औं गणतन्त्र दिवसको अवसरमा दामनको शितोष्ण बागवानी फार्म तथा नर्सरी केन्द्रको मुख्य आयोजनामा स्थानीय टोल विकास संस्था, दामन तथा सीमभञ्ज्याङ बजार व्यवस्थापन समिति र एभरेष्ट युवा विकास क्लवसहितको संयुक्त सहकार्यमा प्रदेश सरकारले दिएको निर्देशनलाई पालना गर्दै स्थानीय पर्यटक आकर्षणका स्थल र मठ, मन्दिर, गुम्बा जस्ता धार्मिक क्षेत्रको सरसफाई भएको हो। दामन बागवानी फार्मको निमित्त प्रमुख समिर ज्ञानीमगरले दामन-सिमभञ्ज्याङ जस्तो पर्यटकीय क्षेत्रमा विदाको समयमा आन्तरिक पर्यटकहरू भ्रमण गर्न आउने भएकोले पर्यटकीय क्षेत्रको सरसफाइ गरिएको बताए।

दामन र सीमभञ्ज्याङमा एकैसाथ सुरू भएको कार्यक्रममा बागवानी फार्मबाट उपलब्ध भएको ५० बोट उन्नत जातको जापानिज नासपातीका विरूवाहरू क्रमशः फलामे भञ्याङ र सेल्फी डाँडामा रोपिँदै फलामे भञ्याङमा राष्ट्रिय झण्डा राखिएको छ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो। जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं। जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन्। जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो। बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।

## थाहानगरको पाथीभरा पैदल यात्रा:
# 'धार्मिक पनि, जैविकक विविधता पनि'

◆ विकास संवाददाता

मकवानपुरको प्रसिद्ध पर्यटकीय नगरी थाहामा नयाँ पर्यटकीय गन्तव्यको प्रवर्द्धन थालिएको छ । धार्मिक क्षेत्रको रूपमा पहिचान रहेको थाहा नगरपालिका वडा नम्बर ३ को पाथीभराले क्षेत्र पछिल्लो समय पैदल यात्राको आकर्षणको रूपमा पनि परिचय स्थापित गर्न थालेको छ । धार्मिक दृष्टिकोणले आक्कलझुक्कल मानिसहरू मस्किलले पुग्ने पाथीभरामा स्थानीय क्षेत्रलगायत काठमाण्डौ र धादिङबाट आउने पर्यटकहरू निहुँ जस्तै पुग्न थालेका छन् ।



३ नम्बर वडाको प्रसिद्ध गोरखनाथ मन्दिरबाटै पैदलयात्रमा निश्कन सकिने उक्त मार्गको एकातफी बाटो करिब ६ किलोमीटरको छ । थाहानगरको शिखरकोटबाटै पनि पैदलयात्रा शुरू गर्न सकिन्छ । काठमाण्डौं तथा हेटौंडाबाट आउँदा पनि शिखरकोटमा सवारी साधन छोडेर यात्रामा निश्कन सकिने यो पैदलमार्गमा अहिले धार्मिक आस्था भएकाहरू पनि उत्तिकै पुग्छन् । वडा नम्बर ३ को देउराली गाउँबाट पूरापुर जंगल यात्रा हुँदै पाथीभरा पुग्न सकिन्छ । ठाउँठाउँमा आरम गर्ने प्राकृतिक चौतारी, रूखको छायाँको शित्तलता यो यात्राको विशेषता हो । ति ठाउँठाउँमा भारी बिसौनीबाट दामनपालुङको सुन्दर फाँटहरू अवलोकन गर्न सकिन्छ । यात्रामा जंगलको सिरसिर बहने हावा, ठाउँठाउँको बिसौनी (चौतारी) उकालो सम्झदा मन्दिर को याद, तलतिर हरिया फाँट आहा, मनै लोभ्याउँछ पाथिभरा यात्राले । यात्रा गर्दा ठाडै उकालो मात्र पनि छैन, ठाउँठाउँमा तेर्सो बाटोले उकालोमा खलखली बगेको पसिना सर्लक्कै ओभाउँछ ।

यो ख्याल गरौं । यात्रामा निश्कँदा बाटोमा कुनैपनि पसलहरू छैनन् । खानेपानी र हलुका खानेकुराहरू आफैले बोक्नु पर्दछ । करिब २२ सय मीटरभन्दा बढिको उचाइसम्म पुगिने भएकोले आराम गर्दै यात्रा गर्दा थप फलदायी हुनेछ । देउराली गाउँ छोडपछि सबै जंगलकै यात्रा हो । संरक्षित सामुदायिक वन क्षेत्र भएपनि यहाँ वन्यजन्तुको आक्रमणको कुनै डर छैन, मृग माउपाठाहरू भने भेटिन सक्छन् ।

जैविक विविधताले भरिपूर्ण यस क्षेत्रमा विभिन्न वनस्पतीको अध्ययन अनुसन्धानका लागि समेत अध्ययन अनुसन्धानका पर्यटकहरू पुग्ने गर्दछन् । धेरै पहिले गाउँलेहरूले पुजाआजा गर्दै आएको पाथीभरा क्षेत्रमा अहिले गोर खनाथ कल्याण केन्द्रले मन्दिर नै स्थापित गरिदिएको छ । मन्दिर नजिकै गोरखनाथ कल्याण केन्द्रले नै एउटा ट्रष्ट बनाइदिएको छ । यहि ट्रष्टले घामपानीमा यात्रुहरूलाई रहत दिइरहेको छ । एकपल्ट पुग्नै पर्ने यो यात्रा जति धार्मिक छ उत्तिनै जैविक विविधताले पनि ख्याति प्राप्त रहेको छ ।

# गर्मी बढेपछि ५ पालिकाका विद्यालय बन्द

◆ विकास संवाददाता

चरम गर्मीका कारण बालबालिकाको पढाई प्रभाबित भएपछि मकवानपुरका ५ पालिकाले विद्यालय बन्दको घोषणा गरेका छन् । आइतबार तीनवटा गाउँपालिकाले विद्यालय बन्द गरेका छन् । अत्यधिक गर्मी भएपछि बालबालिकालाई पढाउन समस्या भएकाले विद्यालय बन्द गरिएको बताइएको छ । आइतबार मनहरी, राक्सिराङ र मकवानपुरगढीले पनि विद्यालय बन्द गर्ने निर्णय गरेका हुन् ।

यसअघि हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकाले पालिकाभित्रका सबै विद्यालय बन्द गर्ने निर्णय गरेका थिए । थाहा नगरपालिका, ईन्द्रसरोबर गाउँपालिका, भीमफेदी गाउँपालिका, कैलाश गाउँपालिका र बागमती गाउँपालिकाले विद्यालय बन्द गरेका छैनन् । बागमती गाउँपालिका पनि चरम गर्मी हुने क्षेत्र हो । थाहानगर, ईन्द्रसरोबर, कैलास र भीमफेदीमा गर्मीको समस्या कमै हुने गरेका छ । आइतबार सूचना जारी गर्दै मनहरी, राक्सिराङ र मकवानपुर गढीले जेष्ठ २६ गते शुक्रबार सम्म विद्यालयको पठनपाठन बन्द गने जानकारी दिएको छ । गर्मीका कारण पठनपाठनमा प्रतिकूल असर परिरहेको र कतिपय बालबालिकाको स्वाथ्यमा विभिन्न खाले समस्या देखिएपछि वर्षे बिदाबाट कट्टा हुनेगरी विदा दिइएको पालिकाहरूले बताएका छन् । जेठ २८ गते आइतबारबाट नियमित विद्यालय सञ्चालनमा हुनेछ । विदाको अवधिमा बालबालिकालाई घाममा बाहिर निस्कन नदिई घरमै सुरक्षित रूपमा रहने व्यवस्था मिलाउन अविभावकलाई आग्रह गरिएको छ । बालबालिकालाई रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने, पोषणयुक्त खाना खुवाउने, जंकफुड, स्वास्थ्यलाई प्रतिकूल असर गर्ने खानेकुराहरू नखुवाउने र स्वच्छ खानेकुराहरू मात्रै खुवाउन सुझाव समेत दिइएको छ ।

मनहरी गाउँपालिकाका शिक्षा अधिकृत हरिचन्द्र सापकोटाले मौसममा सुधार आएको खण्डमा बिदाको समय कटौती गरी नियमित पठनपाठन गर्न सकिने जानकारी दिए ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

- नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
- भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
- घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
- समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
- बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

गणतन्त्र दिवस, २०८० भव्यरूपमा मनाऔं।

गणतन्त्र दिवस (जेठ १५ गते) को अवसरमा विभिन्न कार्यक्रमको आयोजना गरौं । लोकतान्त्रिक गणतन्त्रका उपलब्धीलाई संस्थागत गरौं । संघ, प्रदेश एवं स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।
खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ
थाहा नगरपालिका

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी